# हुलाक टिकट प्रकाशन निर्देशिका, २०७०

(मन्त्रिपरिषद्‌बाट स्वीकृत मिति २०७०।२।१६)

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय

## हुलाक सेवा विभाग

info@nepalpost.gov.np

# हुलाक टिकट प्रकाशन निर्देशिका, २०७०

(मन्त्रिपरिषद्बाट स्वीकृत मिति २०७०।२।१६)

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय

**हुलाक सेवा विभाग**

info@nepalpost.gov.np

# हुलाक टिकट प्रकाशन निर्देशिका, २०७०

**प्रस्तावना** : नेपालका प्राकृतिक तथा ऐतिहासिक सम्पदा, प्रचलित विभिन्न चाडपर्व, संस्कृति, प्राचिन तथा अर्वाचिन कला, कलात्मक भवन, मन्दिर तथा देवालयहरू, भौगोलिक एवम् पुरातात्विक स्मारक तथा वस्तुहरू, ख्याति प्राप्त विशिष्ट विद्वान, राष्ट्रिय विभुति तथा प्रतिभाहरू, ऐतिहासिक व्यक्तित्वहरू र गरिमायुक्त राष्ट्रिय महत्वका विषयहरू र नेपालसंग सम्बन्धित अन्तराष्ट्रिय संघ संस्था, सम्मेलन, नेपालको परराष्ट्र सम्बन्ध, अन्तर्राष्ट्रिय वर्ष तथा खेलकुद आदिको संस्मरणात्मक हुलाक टिकट प्रकाशन र प्रयोग गरी अन्तराष्ट्रिय क्षेत्रमा मुलुकको पहिचान बढाउन र हुलाक टिकट प्रकाशन कार्यलाई पारदर्शी, व्यवस्थित र समयबद्ध गर्न हुलाक टिकट प्रकाशन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्न वाञ्छनिय भएकोले,

नेपाल सरकारले सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम यो निर्देशिका बनएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस निर्देशिकाको नाम "हुलाक टिकट प्रकाशन निर्देशिका, २०७०" रहेको छ ।

(२) यो निर्देशिका सम्वत २०७० साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाष** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा,-

(क) "फिलाटेलिक कार्यक्रम" भन्नाले हुलक टिकट प्रकाशन सम्बन्धी कार्यक्रमलाई सम्झनु पर्छ

(ख) "फिलाटेलिक ब्यूरो" भन्नाले नेपाल फिलाटेलिक ब्यूरोलाई सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ ।

(घ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ङ) "विभाग" भन्नाले हुलाक सेवा विभाग सम्झनु पर्छ ।

(च) "हुलाक टिकट" भन्नाले हुलाक वस्तुमा लाग्ने हुलाक महशुल वा अरू कुनै दस्तुर वा रकम अंकित गर्न नेपाल सरकारले प्रकाशन गरेको टिकट सम्झनु पर्छ र सो शब्दले कुनै खाम, सोभेनियर सीट, हुलकपत्र वा अरू कुनै वस्तुमा छापेर, इम्बस् वा इम्प्रेस गरेर वा फ्रैंकिङ्ग मेशिनद्वारा अंकित गरेर लगाइएको टिकट अंकित निस्सा वा छाप समेतलाई जनाउनेछ ।

३) **उद्देश्य**: स्यस निर्देशिकाको उद्देश्य देहाय वमोजिम रहेका छन् :-

(क) हुलाक टिकट प्रकाशन प्रक्रिया तथा त्यसका मापदण्डलाई व्यवस्थित तथा पारदर्शी बनाउने,

(ख) हुलाक टिकट प्रकाशनसंग सम्बन्धित विभिन्न सरोकारवालाहरू बीचको सम्बन्ध र समन्वयलाई प्रभावकारी बनाउने,

४. **प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्ने** :

(१) विभागले प्रत्येक दोस्रो वर्षको जेठ महिनाभित्र हुलाक टिकट प्रकाशन गर्ने प्रयोजनकालागि देहायका कुराहरू खुलाई राष्ट्रिय स्तरको पत्रिकामा प्रस्ताव आह्वानको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ:-

(क) नेपालको विभिन्न भागमा प्रचलित विभिन्न चाडपर्व, संस्कृति

(ख) प्राचिन तथा अर्वाचिन कला, धर्म, साहित्य,

(ग) कलात्मक भवन, स्मारक तथा धार्मिक स्थलहरू,

(घ) भौगोलिक एवम् पुरातात्विक महत्वका वस्तुहरू,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रीय स्तरमा ख्याति प्रप्त विशिष्ट विद्वान राष्ट्रिय विभुति एवम् प्रतिभाहरू,

(च) महत्वपूर्ण ऐतिहासिक घटना तथा व्यक्तिहरू,

(छ) प्राकृतिक वैभव र गरिमायुक्त राष्ट्रिय महत्वका विषयहरू,

(ज) नेपाल संग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्था, सभा, सम्मेलन, समारोह आदि,

(झ) नेपालसंग द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध भएका परराष्ट्र मामिला तथा अन्तर्राष्ट्रिय सम्बन्धको विषय,

(ञ) संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय हुलाक संघ (यू पी यू), दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन, (सार्क) लगायतका संस्थाहरूको आह्वानमा मनाइएको अन्तर्राष्ट्रिय वर्ष,

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका खेलकुद गतिविधि,

(ड) अन्य कुनै महत्वपूर्ण विषयवस्तु ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि हुलाक टिकट प्रकाशन गर्न उपयुक्त हुने विषयमा इच्छुक संघसंस्था वा व्यक्तिले टिकट प्रकाशन गर्न उपयुक्त हुने विषयको विवरण विभागबाट तोकिएको ढाँचामा तयार गरी महानिर्देशक समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्दा हुलाक टिकट प्रकाशन गर्न उपयुक्त हुने विषयको फोटो र सम्भव भएसम्म त्यसको डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रप्त प्रस्तावहरूलाई विभागले संकलन गरी आवश्यक प्रक्रिया अगाडि बढाउनेछ ।

(५) उपदफा (३) बमोजिम पेश भएको विषय उपयुक्त भई हुलाक

टिकट प्रकाशनकोलागि छनौट भई प्रस्ताव पेश गर्ने व्यक्ति वा संस्थालाई विभागले दश हजार रूपैयाँसम्म पुरस्कार दिन सक्नेछ ।

५. **हुलाक टिकट प्रकाशन गरिने विषय** : दफा ४ मा जुनसुकै कुरा उल्लेख भए तापनि विभागले हरेक वर्ष देहायका कुनै विषयको टिकट आफैं प्रकाशन गर्ने व्यवस्था मिलाउने छ:-

(क) काठमाडौं उपत्यका र उपत्यका बाहिरका विश्व सम्पदा सूचिमा सूचिकृत प्राकृतिक, संस्कृतिक सम्पदाहरू,

(ख) हिमाल, हिमाली श्रृङखला, पर्वतारोहणसम्बन्धी

(ग) जैविक विविधता सम्बन्धी (वन वनस्पती, पशुपंक्षी, जीव आदि)

(घ) नेपालको मुद्रा, हुलाक इतिहास तथा संग्रहालय सम्बन्धी,

(ङ) धार्मिक, ऐतिहासिक महत्वका क्षेत्र, जात्रा, चाडपर्व सम्बन्धी,

(च) पर्यटकीय क्षेत्र, पर्यटकिय तथा साहसिक खेल सम्बन्धी,

(छ) पुरातात्विक महत्वका क्षेत्र तथा ऐतिहासिक दरवार एवं स्मारक सम्बन्धी,

(ज) प्राकृतिक महत्वका क्षेत्र सम्बन्धी (राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, तालतलैया, पोखरी, नदीनाला आदि),

(झ) अन्तर्राष्ट्रिय, क्षेत्रीय वा द्विपक्षीय विषयवस्तु सम्बन्धी,

(ञ) सामाजिक तथा परोपकारी संस्थाको रजत, स्वर्ण र हिरक जयन्ती सम्बन्धी,

(ट) विज्ञान, प्रविधि, साहित्य, कला, इतिहास, संगीत, राजनीति, प्रशासन, न्याय, स्वास्थ्य, उद्योग, खेलकुद, शिक्षा, समाज सेवा, धर्म आदिका क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्तित्व,

(ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका दिवस वा वर्ष वा त्यस्तै अन्य विषय र

(ड) समय समयमा नेपाल सरकारले तोकेका अन्य विषय ।

६. **परामर्श गर्नुपर्नेः** दफा ४ वा ५ बमोजिम हुलाक टिकट प्रकाशन गर्ने विषय छनौट गर्नु अघि विभागले सो विषयका सम्बन्धमा सम्बन्धित सरकारी वा गैर सरकारी निकाय, संघ वा संस्था भए त्यस्ता निकाय वा कुनै पेशागत वा व्यवसायिक संघ, संस्था भए त्यस्ता निकायको देहायका विषयमा राय तथा परामर्श माग गर्न सक्नेछः-

(क) प्रस्तावित विषयलाई हुलाक टिकटमा स्थान दिन उपयुक्त हुने वा नहुने,

(ख) प्रस्तावित विषयलाई हुलाक टिकटमा स्थान दिदा प्रतिलिपि अधिकार उल्लंघन हुने वा नहुने

(ग) प्रस्तावित विषय कुनै कारणले विगतमा वा तत्काल विवादास्पद भए नभएको,

(घ) मुलुकको सार्वभौमिकता, अखण्डता, सार्वजनिक व्यवस्था वा नैतिकता वा अन्य कुनै कारणबाट प्रस्तावित विषयलाई हुलाक टिकटलाई स्थान दिन उपयुक्त हुने वा नहुने

(ङ) कुनै व्यक्ति विशेषको हुलाक टिकट प्रकाशन गर्न लागिएको भए निजले सम्बन्धित क्षेत्रमा गरेको योगदान हुलाक टिकट प्रकाशन गर्ने प्रयोजनकालागि उल्लेख्य र पर्याप्त भए नभएको ।

७. **व्यक्ति विशेषको तस्वीरयुक्त टिकट प्रकाशनसम्बन्धी विशेष व्यवस्थाः**

(१) व्यक्ति विशेषको तस्वीरयुक्त टिकट प्रकाशन सम्बन्धमा देहाय बमोजिम हुनेछ :-

(क) व्यक्ति विशेषको तस्वीरयुक्त टिकट प्रकाशन गर्दा सामान्यतया

निजको मृत्यू भएको दश वर्ष व्यतित नभई प्रकाशन गरिने छैन ।

(ख) व्यक्ति विशेषको तस्वीरयुक्त टिकटको संख्या सो वर्ष प्रकाशन गरिने टिकटको कूल संख्याको बीस प्रतिशत भन्दा बढी हुनेछैन ।

(ग) एकै व्यक्तिको तस्वीरयुक्त टिकट पुन: प्रकाशन गरिने छैन ।

(२) व्यक्ति विशेषको तस्वीरयुक्त टिकट प्रकाशन गर्दा सो को प्रस्तावलाई स्वीकृत गर्नु अघि देहायका व्यक्तिका सम्बन्धमा देहायका निकायसंग सम्बन्धित व्यक्तिले पुऱ्याएको योगदान, निजको आचरण र निजप्रति समाजको धारणाका सम्बन्धमा राय प्रतिक्रिया लिनु पर्नेछ :-

(क) विज्ञान, प्रविधि, साहित्य संगीत, कलाका क्षेत्रमा योगदान पुऱ्याएको व्यक्ति भए सो सम्बन्धी प्रज्ञा प्रतिष्ठान,

(ख) खेलकुदका क्षेत्रमा योगदान पुऱ्याएको व्यक्ति भए राष्ट्रिय खेलकुद परिषद्,

(ग) कुनै पेशा वा व्यवसायमा योगदान पुऱ्याएको व्यक्ति भए सम्बन्धित पेशा वा व्यवसाय सञ्चालन गर्ने नियमनकारी निकाय तथा त्यस्तो पेशा वा व्यवसायसंग सम्बन्धित सरकारी निकाय, राष्ट्रिय स्तरका महासंघ वा संघ संस्था,

(घ) शिक्षा क्षेत्रमा योगदान पुऱ्याएको व्यक्ति भए सम्बन्धित विभाग, विश्व विद्यालय वा विश्व विद्यालय अनुदान आयोग,

(ङ) पर्यटन क्षेत्रमा योगदान पुऱ्याएको व्यक्ति भए नेपाल पर्यटन बोर्ड ।

(३) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिको तस्वीरयुक्त हुलाक टिकट प्रकाशन गरिने छैन :-

(क) प्रचलित कानून बमोजिम कालो सूचिमा परेको,

(ख) विदेशी नागरिकता वा स्थायी बसोवास अनुमति प्राप्त गरेको,

(ग) उपदफा (२) बमोजिम राय प्रतिक्रिया लिदा सकारात्मक राय प्रतिक्रिया प्राप्त नभएको,

(घ) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको ।

८. **समन्वयः** दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले वार्षिक रूपमा प्रकाशन गरिने हुलाक टिकटका सम्बन्धमा आवश्यकता अनुसार विभिन्न सरकारी तथा गैरसरकारी संस्था र खासगरी देहायका मन्त्रालय, विभाग तथा संस्थासंग नियमित रूपमा समन्वय र सहकार्य गर्नेछः-

(क) संस्कृत, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,

(ख) नेपाल प्रज्ञा प्रतिष्ठान,

(ग) नेपाल संगीत तथा नाट्य प्रतिष्ठान,

(घ) नेपाल कला प्रतिष्ठान,

(ङ) नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान,

(च) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,

(छ) पुरातत्व विभाग,

(ज) वनस्पति विभाग,

(झ) नेपाल पर्यटन वोर्ड,

(ञ) राष्ट्रिय प्रकृति संरक्षण कोष,

(ट) प्राकृतिक विज्ञान संग्रहालय, (त्रिभुवन विश्व विद्यालय),

(ठ) संयुक्त राष्ट्रसंघीय संस्थाहरू,

(ड) नेपाल पर्वतारोहण संघ,

(ढ) नेपाल फिलाटेलिक सोसाइटी ।

**९. मूल्याङ्कन समिति :**

(१) निर्देशिकाको दफा ४ बमोजिमको सूचना बमोजिम प्राप्त प्रस्तावहरूको छानविन गरी टुङ्गो लागाउन विभागका महानिर्देशकको संयोजकत्वमा फिलाटेलिक सोसाइटी, नागरिक समाज तथा अन्य सम्बद्ध निकायको प्रतिनिधि समेत रहेको एक मूल्याङ्कन समिति गठन गरिनेछ ।

(२) समितिको बैठकमा आवश्यकता अनुसार विशेषज्ञहरू आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिको सचिवालयको कार्य फिलाटेलिक ब्यूरोले गर्नेछ ।

(५) समितिले हुलाक टिकट प्रकाशन गर्न प्राप्त प्रस्तावहरूको छानविन गरी उपयुक्त सिफारिस विभाग समक्ष पेश गर्नेछ ।

**१०. फिलाटेलिक कार्यक्रम तर्जुमा तथा स्वीकृति :**

(१) विभागले प्रत्येक दुई वर्षमा प्रकाशन गरिने हुलाक टिकटका सम्बन्धमा फिलाटेलिक कार्यक्रम तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागबाट तयार पारिएको फिलाटेलिक कार्यक्रम मन्त्रालयस्तरबाट स्वीकृत गरिनेछ ।

(३) स्वीकृत फिलाटेलिक कार्यक्रम बहेक अन्य विषयका टिकट प्रकाशन गर्न सकिने छैन ।

(४) प्रत्येक दुई वर्षमा फिलाटेलिक कार्यक्रम स्वीकृत गराउँदा आगामी वर्षको जनवरी एकबाट लागू हुने गरी स्वीकृत गराउनु पर्नेछ

(५) फिलाटेलिक कार्यक्रम तयार गर्दा लागू हुने मितिभन्दा कम्तीमा तीन महिना अगावै निर्णय गराईसक्नु पर्नेछ ।

**११. टिकटको डिजाईन, स्वीकृति तथा प्रकाशन :**

(१) स्वीकृत फिलाटेलिक कार्यक्रम अर्न्तगत प्रकाशन गरिने टिकटको डिजाईन विभागले तयार पार्नेछ ।

(२) टिकटको डिजाइनका क्रममा विभागले सरोकारवालाहरूसंग आवश्यक समन्वय र छलफल गर्न सक्नेछ ।

(३) विभागले डिजाइन गरेको टिकट मन्त्रालयस्तरबाट स्वीकृत भएपछि मात्र प्रकाशन गरिनेछ ।

(४) फिलाटेलिक ब्यूरोले प्रकाशनमा आउने हुलाक टिकटको संक्षिप्त विवरण नेपाली तथा अंग्रेजी भाषामा तयार गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम फिलाटेलिक कार्यक्रम अनुसार प्रकाशन गरिने हुलाक टिकटको प्रथम दिवसीय आवरण तयार गरी टाँचा प्रदान गर्ने कार्यक्रमको व्यवस्थापन फिलाटेलिक व्यूरोले गर्नेछ ।

**१२. हुलाक टिकटको संख्या र दर** : हुलाक टिकट प्रकाशन गर्दा प्रकाशन हुने संख्या र सो को प्रति इकाई महसूल विभागले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हुलाक महसूल दर र सेवाग्राहीको माग समेतलाई विचार गरी प्रकाशन गरिने टिकटमा दर तोक्नेछ ।

१३. **विविध :**

(१) निर्देशिकाको अधीनमा रही हुलाक टिकट प्रकाशन कार्यमा सकारात्मक सहयोग गर्नु सबै सरोकारवालाको जिम्मेवारी र दायित्व हुनेछ ।

(२) विभागले हुलाक टिकट प्रकाशनका सन्दर्भमा समय समयमा सरोकारवालासंग आवश्यक परामर्श, छलफल तथा अन्तरक्रिया गर्नेछ ।

१४. **यसै निर्देशिका बमोजिम गरेको मानिने :** यो निर्देशिका लागू हुनु अघि स्वीकृत फिलाटेलिक कार्यक्रम अन्तर्गत प्रकाशन भएका हुलाक टिकट यसै निर्देशिका बमोजिम प्रकाशन गरेको मानिनेछ ।

# हुलाक टिकट प्रकाशन (पहिलो संसोधन) निर्देशिका, २०७१

हुलाक टिकट प्रकाशन निर्देशिका, २०७० लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम देहाएको निर्देशिका बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>– (१) यो निर्देशिकाको नाम "हुलाक टिकट प्रकाशन (पहिलो संसोधन) निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>हुलाक टिकट प्रकाशन निर्देशिका, २०७० को दफा ४.१ मा संसोधनः</u>– हुलाक टिकट प्रकाशन निर्देशिका, २०७० (यस पछि "मूल निर्देशिका" भनिएको ) को दफा ४.१ मा "विभागले प्रत्येक दोस्रो वर्षको जेठ महिनाभित्र हुलाक टिकट प्रकाशन गर्ने प्रयोजनका लागि देहायका कुराहरु खुलाई राष्ट्रिय स्तरको पत्रिकामा प्रस्ताव आव्हानको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ" भन्ने शव्दहरुको सट्टामा **"विभागले हरेक वर्ष अंग्रेजी क्यालेन्डरको मे महिनाभित्र हुलाक टिकट प्रकाशन गर्ने प्रयोजनका लागि देहायका कुराहरु खुलाई राष्ट्रिय स्तरको पत्रिकामा प्रस्ताव** आव्हानको **सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ "** भन्ने शव्दहरू राखिएका छन् ।

३. <u>मूल निर्देशिकाको दफा ७.१. क मा संसोधन :</u>- मूल निर्देशिकाको दफा ७.१. क मा "व्यक्ति विशेषको तस्वीरयुक्त टिकट प्रकाशन गर्दा सामान्यतया निजको मृत्यू भएको दश वर्ष व्यतित नभई प्रकाशन गरिने छैन " भन्ने शव्दहरुको सट्टामा **"व्यक्ति विशेषको तस्वीरयुक्त टिकट सामान्यतया निजको मृत्यु भएपछि प्रकाशन गरिनेछ तर नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएमा जीवित व्यक्तिको तस्वीरयुक्त हुलाक टिकट प्रकाशन गर्न बाधा पर्ने छैन"** भन्ने शव्दहरु राखिएका छन् ।

४. <u>मूल निर्देशिकाको दफा ८ मा संसोधन</u> :- "मूल निर्देशिकाको दफा ८ को देहाय (ढ) पछि देहाय बमोजिमको उपदफा 'ण' थप गरिएको छ

**"ण : पर्यटन विभाग"**

6